वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

| भाग १, | खण्ड ३, | संख्या ३ | मिति २०७७।११।०२ |
|---|---|---|---|

## भाग–१

# वीरेन्द्रनगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ (पहिलो संसोधन २०७७)

नेपालको संविधानको धारा २२१(२) बमोजिम अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भएका अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य संघीय कानूनले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाले विभिन्न प्रशासकीय कार्यसम्पादन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाकाको नगर सभाको मिति २०७७ चैत्र ३० गतेको बैठकले यो ऐन बनाई लागु गरेको छ।

परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम वीरेन्द्रनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ (पहिलो संसोधन २०७७) रहेको छ।

(२) यो ऐन वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरपालिकाको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन बमोजिमको नियमावली, कार्यविधि, निर्देशिका वा मापदण्डमा तोकिएको सम्झनुपर्दछ।

## परिच्छेद –२

## निर्माण कार्यको ईजाजत जारी गर्ने

३. **ईजाजत पत्र जारी गर्नेः**(१)नगरपालिकाले कुनै पनि फर्म वा कम्पनीलाई सार्वजनिक निर्माण कार्यको लागि आवश्यक पर्ने घ वर्गको निर्माण ईजाजत पत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ईजाजत पत्र जारी तथा नवीकरण गर्दा तोकिएबमोजिमको शुल्क लिई तोकिएबमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ।

४. **नविकरण, अवधि थप, संसोधन तथा नामसारीः**(१) यस परिच्छेद बमोजिम जारी भएको ईजाजत पत्रको प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।

(२) दफा (३) बमोजिमको ईजाजतपत्र नगरपालिकाबाट अन्यत्र वा अन्य स्थानीय तहबाट नगरपालिकामा नामसारी गर्न सकिनेछ।

(३) निर्माण कार्यको ईजाजत सम्बन्धी अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद –३

## राजपत्र, गैरसरकारी सँस्था तथा जेष्ठ नागरिक सम्बन्धमा

५. **राजपत्र प्रकाशन गर्नेः**(१) नगरपालिकाले जारी गरेका कानूनहरु, महत्वपूर्ण सूचनाहरु तथा तोकिएबमोजिमका अन्य विषयहरुको स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको राजपत्र प्रकाशन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **गैर सरकारी संस्थाको परिचालन सम्बन्धी ब्यवस्थाः**(१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न कार्यहरु गर्न गैरसरकारी सँस्थाको परिचालन गर्न सक्नेछ।

(२) गैर सरकारी संस्था परिचालन सम्बन्धी अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **ज्येष्ठ नागरिक परिचयपत्र वितरणः** (१) नगरपालिकाले ज्येष्ठ नागरिकहरुलाई छुट्टै परिचयपत्र उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमजारी भएको परिचयपत्रको आधारमा ज्येष्ठ नागरिकलाई नेपाल सरकारले वा नगरपालिकाले सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

(३) परिचय पत्र वितरण तथा कार्यान्वयन सम्बन्धी अन्य ब्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद –४

## विविध

८. **नियम बनाई लागु गर्नेः** यस ऐन बमोजिम कार्यपालिकाले देहायका विषयहरुमा नियमावली बनाई लागु गर्न सक्नेछ।

क) लेखा समितिको कार्यसंचालन नियमावली

ख) सवारी साधन संचालन नियमावली

९. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयमा आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

क) उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी
ख) बजार अनुगमन, ब्यवस्थापन सम्बन्धी
ग) पुराना भवनहरुको अभिलेख ब्यवस्थापन सम्बन्धी
घ) नगरपालिकामा अटो तथा ई रिक्सा ब्यवस्थापन
ङ) सम्पति कर ब्यवस्थापन
च) नदिजन्य पदार्थको उत्खनन
छ) अपाङ्ग परिचयपत्र वितरण
ज) घर बहाल तथा बहाल कर
झ) नगरक्षेत्रमा हुने मेला तथा महोत्सव ब्यवस्थापन
ञ) जग्गा प्राप्ति सम्बन्धी
ट) महिला तथा युवा स्वरोजगार सम्बन्धी तथा महिला स्वरोजगार अन्तर्गत तालिममा सहभागीका लागि वस्तुगत टेवा प्रदान
ठ) नगरपालिकाका सवारी साधन संचालन कार्यविधि
ड) तालिम ब्यवस्थापन तथा संचालन सम्बन्धमा
ढ) कर्मचारी प्रोत्साहन कार्यविधि
ण) आन्तरिक संचार
त) बसपार्क ब्यवस्थापन सम्बन्धमा
थ) घरेलु उद्योग दर्ता सम्बन्धि
द) एम्बुलेन्स तथा दमकल संचालन
ध) करारमा कर्मचारी ब्यवस्थापन गर्ने
न) टोल विकास संस्था सम्बन्धी प्रावधान
त) नगरपालिकाको कार्य संचालन निर्देशिका

**१०. खारेजी र बचाउः** (१) यस ऐन बमोजिम तर्जुमा गरिएका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड मध्ये संघीय कानून वा नगरपालिकाको तत् तत् विषयगत ऐन तर्जुमा भई अन्यथा विषय उल्लेख भएको खण्डमा स्वतः सोही ऐन बमोजिम भएको मानिनेछ।

(२) यो ऐन प्रारम्भ वा संसोधन हुनुपूर्व कार्यपालिका, सभा वा साविकको स्थानीय निकाय बोर्ड वा परिषदको निर्णयबाट भएगरेका कार्यविधि, मापदण्ड,निर्देशिका तथा प्रशासकीय कार्यहरु यसै ऐनबमोजिम भएको मानिनेछ।

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ (पहिलो संसोधन २०७७) मूल्य रु : ५